# National News

## 30th of June 2026 (Tuesday)

<u>मुख्य समाचार</u>

- हुल दिवसका अवसरमा राष्ट्रपति, प्रधानमन्त्रीसहित शीर्ष नेताहरूद्वारा सन्थाल विद्रोहका वीर शहीदप्रति श्रद्धाञ्जलि।।
- राष्ट्रपति मुर्मुद्वारा केन्द्रीय जनजातीय विश्वविद्यालयको पहिलो दीक्षान्त समारोहलाई सम्बोधन ।।
- लोकसभा अध्यक्ष ओम बिर्लाद्वारा अन्तर्राष्ट्रिय संसदीय दिवसको शुभकामना ।।
- स्वास्थ्य पूर्वाधार र दक्ष जनशक्ति विकासमा सरकारको जोड।।
- सुरक्षित र कानुनी आप्रवासनमा भारतको जोड।।

<u>हुल दिवस</u>

हुल दिवसका अवसरमा राष्ट्रपति द्रौपदी मुर्मु, प्रधानमन्त्री नरेन्द्र मोदी, लोकसभा अध्यक्ष ओम बिर्ला तथा केन्द्रीय गृहमन्त्री अमित शाहले सिदो–कान्हु, चाँद–भैरव, फूलो–झानो तथा सन्थाल विद्रोहका वीर शहीदप्रति श्रद्धाञ्जलि अर्पण गर्नुभएको छ। सामाजिक सञ्जालमार्फत उहाँहरूले आदिवासी समुदायको पहिचान, स्वाभिमान र अधिकारको रक्षाका लागि उहाँहरूले गरेको ऐतिहासिक सङ्घर्ष तथा बलिदानको स्मरण गर्नुभएको हो। उहाँहरूले सन्थाल विद्रोहले भारतको स्वतन्त्रता आन्दोलनलाई नयाँ ऊर्जा दिएको उल्लेख गर्दै वीर शहीदहरूको साहस, देशभक्ति र बलिदानले आगामी पुस्तालाई पनि प्रेरित गरिरहने विश्वास व्यक्त गर्नुभएको छ।

<u>राष्ट्रपति द्रौपदी मुर्मु</u>

राष्ट्रपति द्रौपदी मुर्मुले आज आन्ध्र प्रदेशको विशाखापट्टनमस्थित केन्द्रीय जनजातीय विश्वविद्यालयको पहिलो दीक्षान्त समारोहलाई सम्बोधन गर्नुभयो। उहाँले समारोहमा सन् 2020 देखि 2025–26 शैक्षिक सत्रसम्म अध्ययन पूरा गरेका 3 सय 73 जना विद्यार्थीलाई उपाधि प्रदान गर्नुभएको छ भने उत्कृष्ट शैक्षिक प्रदर्शन गरेका 13 जना विद्यार्थीलाई स्वर्ण पदक पनि प्रदान गर्नुभयो। कार्यक्रममा केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधान, आन्ध्र प्रदेशका राज्यपाल एस. अब्दुल नजीर तथा अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो। राष्ट्रपति मुर्मुले भोलि आन्ध्र प्रदेशको अनन्तपुरस्थित केन्द्रीय विश्वविद्यालयको पहिलो दीक्षान्त समारोहमा पनि सहभागी हुनुहुने कार्यक्रम  रहेको छ।

लोकसभा अध्यक्ष ओम बिर्ला

लोकसभा अध्यक्ष ओम बिर्लाले अन्तर्राष्ट्रिय संसदीय दिवसका अवसरमा विश्वभरका निर्वाचित जनप्रतिनिधि तथा लोकतान्त्रिक संस्थाहरूलाई शुभकामना व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जालमार्फत उहाँले संसद जनताको इच्छा, अधिकार र विश्वासको सर्वोच्च अभिव्यक्ति भएको बताउँदै बलियो, स्वतन्त्र र जवाफदेही संसद नै लोकतन्त्रको वास्तविक शक्ति र नागरिक अधिकारको प्रमुख संरक्षक भएको उल्लेख गर्नुभयो। उहाँले संवाद, सहमति, पारदर्शिता र संवैधानिक मर्यादालाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्न पनि सबैलाई आह्वान गर्नुभएको छ।

मन्त्री जगत प्रकाश नड्डा

केन्द्रीय स्वास्थ्य मन्त्री जगत प्रकाश नड्डाले सरकारले देशमा स्वास्थ्य पूर्वाधार र दक्ष स्वास्थ्य जनशक्ति विकासलाई समान प्राथमिकता दिएको बताउनुभएको छ। नयाँ दिल्लीमा आयोजित Institute of Liver and Biliary Sciences को दशौँ दीक्षान्त समारोहलाई सम्बोधन गर्दै उहाँले विगत केही वर्षमा मेडिकल कलेज र एम्सको संख्या उल्लेखनीय रूपमा बढेको जानकारी दिनुभयो। उहाँले स्वास्थ्य क्षेत्रका नयाँ स्नातकहरूलाई सेवाभावका साथ काम गर्दै देशको स्वास्थ्य प्रणालीलाई अझ सुदृढ बनाउन योगदान गर्न आग्रह गर्नुभयो।

मन्त्री डा. एस. जयशंकर

विदेश मन्त्री डा. एस. जयशंकरले भारतले 26 भन्दा बढी देशसँग 28 वटा आप्रवासन तथा जनशक्ति आवागमन साझेदारी सम्झौता गरेको जानकारी दिनुभएको छ। नयाँ दिल्लीमा आयोजित मानव स्रोत आवागमन मञ्चलाई सम्बोधन गर्दै उहाँले अवैध आप्रवासन, मानव बेचबिखन र ठगी नियन्त्रणका लागि अन्तर्राष्ट्रिय सहकार्य आवश्यक रहेको बताउनुभयो। उहाँले सुरक्षित र कानुनी आप्रवासन प्रवर्द्धनमा भारत प्रतिबद्ध रहेको उल्लेख गर्दै 'ई–माइग्रेट' प्रणालीमार्फत हालसम्म ५० लाखभन्दा बढी आप्रवासन अनुमति जारी गरिएको जानकारी दिनुभयो।

## मन्त्री नितिन गडकरी

केन्द्रीय सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले सरकारले देशभरका दुर्घटनाको उच्च जोखिम भएका सडक खण्ड र पहिरो प्रभावित क्षेत्रको पहिचान गरी ५० हजार करोड रुपैयाँको लागतमा सुधार कार्य गरिरहेको बताउनुभएको छ। नयाँ दिल्लीमा आयोजित सडक सुरक्षा कार्यक्रममा उहाँले अन्तर्राष्ट्रिय मापदण्डअनुसार सडक पूर्वाधार विकासका साथै सडक सुरक्षामा जनसहभागिता आवश्यक रहेको उल्लेख गर्नुभयो। उहाँले सवारी चालकलाई ट्राफिक नियम पालना गर्न, तीव्र गतिमा सवारी नचलाउन, हेल्मेट र सिट बेल्ट प्रयोग गर्न तथा सवारी चलाउँदा मोबाइल फोन प्रयोग नगर्न पनि आग्रह गर्नुभयो।

## मन्त्री शिवराज सिंह चौहान

केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले कृषि क्षेत्रको विकासबिना विकसित भारतको लक्ष्य पूरा हुन नसक्ने बताउनुभएको छ। हरियाणाको हिसारमा आयोजित 'खेत बचाओ अभियान'को समापन समारोहलाई सम्बोधन गर्दै उहाँले माटोको अवस्था र आवश्यक मलको मात्रा सम्बन्धी जानकारी दिने मोबाइल एप विकास भइरहेको जानकारी दिनुभयो। उहाँले किसानलाई मल र विषादीको सन्तुलित प्रयोग गर्न तथा जैविक खेती अपनाउन आग्रह गर्नुभयो। मन्त्री चौहानले कम वर्षाको सम्भावित प्रभाव व्यवस्थापनका लागि सरकारले आवश्यक तयारी गरिरहेको उल्लेख गर्दै देशको खाद्य सुरक्षा सुदृढ बनाउन हरियाणाका किसानहरूको योगदानको पनि प्रशंसा गर्नुभयो।

## मुख्यमन्त्री सुवेन्दु अधिकारी

पश्चिम बङ्गालका मुख्यमन्त्री सुवेन्दु अधिकारीले राज्यमा समान नागरिक संहिता लागू गरिने बताउनुभएको छ। उहाँले आगामी जुलाई २ मा बस्ने मन्त्रिपरिषद् बैठकमा यससम्बन्धी विधेयकको मस्यौदा पेश गरिने जानकारी दिनुभयो। सेवानिवृत्त सर्वोच्च अदालतकी न्यायाधीश रञ्जना देसाईको नेतृत्वमा गठित समितिले विवाह, सम्बन्धविच्छेद र धर्मपुत्र ग्रहणलगायत विषयमा अध्ययन गरी चार साताभित्र प्रतिवेदन बुझाउनेछ। मुख्यमन्त्रीले आदिवासी, कुर्मी तथा प्राचीन स्थानीय समुदायलाई भने यस कानुनको दायराभन्दा बाहिर राखिने स्पष्ट पार्नुभयो।

ग्रामीण विकास मन्त्रालय

ग्रामीण विकास मन्त्रालयद्वारा आयोजित राष्ट्रिय ग्रामीण विकास सम्मेलन–2026 सम्पन्न भएको छ। दुईदिने सम्मेलनमा ग्रामीण विकास कार्यक्रमहरूको कार्यान्वयनको समीक्षा गर्नुका साथै केन्द्र र राज्यबीचको सहकार्यलाई अझ प्रभावकारी बनाउने विषयमा छलफल गरिएको छ। सम्मेलनमा विकसित गाउँ–विकसित भारतको लक्ष्य हासिल गर्न प्रविधिमैत्री सुशासन, ग्राम पञ्चायत सशक्तीकरण, महिला नेतृत्वमा जीविकोपार्जन, ग्रामीण आवास, सडक सञ्जाल तथा जलवायु अनुकूल जीविकोपार्जनलाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गरिएको मन्त्रालयले जनाएको छ। साथै, दिगो ग्रामीण विकास र आत्मनिर्भर ग्रामीण अर्थतन्त्र निर्माणका लागि संयुक्त प्रयासलाई थप सुदृढ बनाइने पनि उल्लेख गरिएको छ।

डा. आर. बालासुब्रमण्यम

ग्राम सभामा नागरिकको कम सहभागिताबारे गरिएको राष्ट्रिय अध्ययन प्रतिवेदन आज नयाँ दिल्लीमा सार्वजनिक गरिएको छ। नीति आयोगका सदस्य डा. आर. बालासुब्रमण्यमले प्रतिवेदन सार्वजनिक गर्नुभयो।

प्रतिवेदनले ग्राम सभालाई सहभागी लोकतन्त्र, स्थानीय उत्तरदायित्व र समुदायको नेतृत्वमा विकासलाई बलियो बनाउने मार्गदर्शन दिएको छ।

कार्यक्रममा पञ्चायती राज मन्त्रालयका सचिव विवेक भारद्वाजले पछिल्लो एक दशकमा ग्रामीण क्षेत्रमा सडक, खानेपानी र विद्युत् जस्ता आधारभूत सेवामा उल्लेखनीय सुधार भएको बताउनुभयो। प्रतिवेदनमा ग्राम सभामा कम सहभागिता सामाजिक, आर्थिक, संस्थागत र प्रशासनिक लगायत विभिन्न कारणले हुने उल्लेख गरिएको छ।

फिफा विश्वकप

फिफा विश्वकप–२०२६ अन्तर्गत अन्तिम ३२ को चरणमा जर्मनी पाराग्वेसँग पेनाल्टी सुटआउटमा ४–३ ले पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको छ। निर्धारित र अतिरिक्त समय १–१ को बराबरीमा सकिएपछि भएको पेनाल्टी सुटआउटमा पाराग्वे विजयी हुँदै अन्तिम 16 मा पुगेको हो। अर्को खेलमा मोरक्कोले नेदरल्यान्ड्सलाई पेनाल्टी सुटआउटमा ३–२ ले हराउँदै अन्तिम १६ मा स्थान बनाएको छ। यसअघि ब्राजिलले जापानलाई २–१ ले पराजित गर्दै अन्तिम १६ मा प्रवेश गरेको छ।